**निर्णय नं. १:**

चितवन जिल्ला रत्ननगर नगरपालिका वडा नं. १३ बस्ने दुर्गादेवी खनाल, ऐ ऐ बस्ने चन्द्रदेवी खनाल, ऐ ऐ वडा नं. ८ बस्ने दुर्गादेवी दाहाल समेत जना ३ ले यस कार्यालयका उपरमा ०७७–WO–०००३ को निषेधाज्ञा मुद्धा उच्च अदालत पाटन हेटौंडा ईजलासमा दायर गर्नु भई यस नगरपालिकाको कार्यालयको नाउँमा जारी भएको १५(पन्ध्र) दिने म्याद सूचना मिति २०७७।०४।२६ मा तामेल भएकोमा सो म्यादभित्र लिखित जवाफ दर्ता गरी अन्तरिम आदेशको लागि समेत उपस्थित भई मुद्धाको पुर्पक्षमा रहन यसै कार्यालयका कानुनी सहजकर्ता श्री पिङ्का थापालाई प्रतिनिधी मुकरर गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. २:**

नेपाल सरकार, स्वीस सरकार, रत्ननगर नगरपालिका र स्थानीय जनताको संयुक्त लगानीमा संचालन हुँदै आएको पूर्वी चितवन नदी व्यवस्थापन तथा जीविकोपार्जन सुधार योजनामा नेपाल सरकारबाट व्यहोर्ने ३०% सहभागिता रकम समेत नगरपालिकाले व्यहोरी योजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३:**

रत्ननगर नगरपालिकाको आ. व. २०७७।०७८ का लागि नगर दर रेट सिफारिस समितिबाट पेश भए वमोजिमको नगर दररेट स्वीकृत गर्ने तथा नगर दररेटमा समावेश नभएका सामाग्रीको दररेट प्रचलित बजार मुल्यको आधारमा निर्धारण गर्न नगर कार्यपालिकाको कार्यालयलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४:**

रत्ननगर नगरपालिका वडा नं. ९ र १० को कार्यालयबाट सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको बैंक खाता मेगा बैंकमा र वडा नं. ८ को महालक्ष्मी विकास बैंकमा खोल्न आवश्यक व्यवस्था मिलाई दिनुहुन भनी वडा समितिको निर्णय सहित पत्र प्राप्त भएको हुँदा माग भएअनुसार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

रत्ननगर नगरपालिकाको विपद व्यवस्थापन समितिको मिति २०७७।०४।२५ को बैठकबाट भएका निर्णयहरुको सम्वन्धमा तपसिल वमोजिम गर्ने निर्णय गरियो ।

**तपसिल:**

**क.** निर्णय नं. १ को सम्बन्धमा तपसिलका स्थानहरुमा क्वारेन्टाईन व्यवस्थापन गर्ने:

अ. वडा नं. १ र ४ को लागि दिग्दर्शन क्लव रत्ननगर १५

आ. वडा नं. २ का लागि राधे राधे भवन रत्ननगर ४

इ. वडा नं. ३ का लागि शहीद स्मृति बहुमुखी क्याम्पस, रत्ननगर ३

ई. वडा नं. ५, ६ र ७ का लागि पार्वती रा. आ. वि.

उ. वडा नं. ८ र ९ का लागि मोहना मा. वि.

ऊ. वडा नं. १० का लागि आमा समुहको भवन

ए. वडा नं. ११, १२ र १३ का लागि निजानन्द आ. वि. रत्ननगर १२

ऐ वडा नं. १४, १५ र १६ का लागि दिग्दर्शन क्लव

**ख.** निर्णय नं. २ का सम्बन्धमा रत्ननगर ४ बस्ने अरमान आलमको घरमा वर्षाको पानीले घर डुवान भई क्षति भएवापत रु. ३०००।- (तीन हजार मात्र) उपलव्ध गराउने ।

**ग.** निर्णय नं. ४ का सम्बन्धमा रत्ननगर १६ बस्ने राधिका परियारको घरमा वर्षाको पानीले घर डुवान भई क्षति भएवापत रु. ३,०००।- (तिन हजार) उपलव्ध गराउने ।

**निर्णय नं. ५**

यस रत्ननगर नगरपालिकाको आ.व. २०७६।०७७ देखि फोहोर मैला व्यवस्थापनको कार्य गर्दै आउनु भएको श्री माता कंकाली माई उद्योग प्रा. लि., काठमाण्डौंको कार्यसम्पादन स्तर सन्तोषजनक देखिएको हुँदा आ. व. २०७७।०७८ को लागि फोहोर मैला व्यवस्थापनको जिम्मा निज कम्पनीलाई नै दिने निर्णय गरियो ।

**निर्णय नं. ६:**

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट स्वीकृत रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ अनुसार रोजगार संयोजकको छनौटका लागि स्थानीय तहमा देहाय वमोजिमको पदपूर्ति समिति रहने व्यवस्था रहेको हुँदा तपसिल वमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल:**

**संयोजक**-नगर कार्यपालिकाले तोकेको निजामती सेवाको बहालवाला वा सेवा निबृत्त राजपत्रांकित द्धितिय वा सोभन्दा माथिल्लो श्रेणीको कर्मचारीमा खैरहनी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत श्री पुरुषोत्तम शर्मा

**सदस्य**- नगर कार्यपालिकाले तोकेको सम्बन्धित विषयको वित्रमा श्री कपिलदेव सुवेदी

**सदस्य सचिव**- प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ७:

आ. व. २०७६।०७७ मा कार्यक्रम तथा योजना संचालन भई विविध कारणवस भुक्तानी दिन बाँकी तपसिल वमोजिमको खर्च भुक्तानी दिने निर्णय गरियो ।

तपसिल:

| सि.न. | विवरण | भुकतानी बाकी | कैफियत |
|---|---|---|---|
| | पुजिगत तर्फ | | |
| १ | विपन्न वर्ग कार्यक्रम | ३,००,०००.०० | |
| २ | पपनरी सामुदायिक भवन निर्माण | २,००,०००.०० | |
| ३ | जिवनधारा डेरि मार्ग कालोपत्रे | १,९८,०००.०० | |
| ४ | नेपाल मा.वि को बौद्धिक इकाइ भवन | १,५०,०००.०० | |
| ५ | ल्यापटप खरिद फेसबुक कम्पनी | ७१,०००.०० | |
| ६ | साका टि.भि. फेसबुक कम्पनी | १,४२,०००.०० | |
| ७ | नारायणी फर्निचर सेन्टर | ५५,०००.०० | |
| ८ | कयरखोला भुत्याहा सिचाइ डि.पि.आर निर्माण | ५,००,०००.०० | |
| ९ | शिवालय मार्ग उच्च ग्रावेल | २,४०,०००.०० | |
| १० | वनदेवी टोल बाटो ग्रावेल | २०००००.०० | |
| ११ | वारीटोल बाटो ढलान | ३७,०००.०० | |
| १२ | कच्चि तथा ग्रावेल सडक मर्मत | २,५०,०००.०० | |
| १३ | सिसै खगेरी खोला तटबन्धन | ५,००,०००.०० | |
| १४ | विपन्न वर्ग खानेपानी लाइन विस्तार | २,००,०००.०० | |
| १५ | ह्यूमपाइप खरिद गरी जडान गर्ने | २,००,०००.०० | |
| १६ | भुवानी बंगला भवन ह्रस निर्माण | ३,००,०००.०० | |
| १७ | सेरिघोल तथा पंचकन्या नहर डेनमा कल्भर्ट निर्माण | ६,५०,०००.०० | |
| १८ | बछौली मा. वि. भौतिक निर्माण | ५,००,०००.०० | |
| १९ | NEA suppliers | ४,८४,०००.०० | |
| २० | अक्युट नेपाल प्रा.लि. | ५०,०००.०० | |
| २१ | सिसुवार टोल कुलो लाइनिङ्ग उ.स नगद दाखिला समेत | ४,१८,०००.०० | |
| २२ | पंचदिप आ.वि.परिसर सुधार | १,२५,०००.०० | |
| २३ | पुरानो कृषि भवन भत्काउने कार्य | ३,९५,०००.०० | |
| २४ | ल्याडफिल्ड साइड सेरवल निर्माण | १८,७४,०००.०० | |
| २५ | टरौली सामुदायिक पुस्तकालय | ९,६४,४५६.०० | |
| २६ | नेपाल मा वि. खेल मैदान सुधार | १,५०,०००.०० | |
| २७ | लौरीघोल सामुदायिक पुस्तकालय निर्माण | ७०,०००.०० | |
| | जम्मा | ९२,२३,४५६.०० | |

| | | | |
|---|---|---|---|
| | **चालु खर्च** | | |
| २८ | कर्मचारी सचयकोष, विमा, नाल कोष | २३,००,०००.०० | |
| २९ | इन्धन +पदाधिकारी बैठक भत्ता | ५१,७९५.०० | |
| ३० | टेकमाइन्ड नेटवर्क | ९,६००.०० | |
| ३१ | इन्धन कार्यालय तर्फ | २,६३,४३१.०० | |
| ३२ | नारायणी मोटर साइकल वर्कशप | ३०००.०० | |
| ३३ | कालिका ज्याक वास कार डेकोर | १,०३,५७५.०० | |
| ३४ | मसलन्द तथा कार्यालय सामाग्री | २,००,०००.०० | |
| ३५ | कृष्ण सप्लायर्स | ५४,०००.०० | |
| ३६ | संस्कृत सग्रालय | ४८,०००.०० | |
| ३७ | बछौली मा.वि.विघालय खाजा खर्च | २०,०००.०० | |
| ३८ | विपत व्यवस्थापन | ४९,०००.०० | |
| ३९ | जनजागृति मा.वि. नगर शिक्षा तर्फ | ३५,०००.०० | |
| ४० | गणेश टोल विकास सस्था बाकी जमिन | १४,०००.०० | |
| ४१ | अनमोल विउ | १,६५,०००.०० | |
| ४२ | व्यटिसियन तालिम कार्यक्रम वडा न ७ | १,०४,०००.०० | |
| ४३ | पंचकन्या मा.वि. | ४४,०००.०० | |
| ४४ | बकुलहर अस्पताल गुन्जमान जोखिम खर्च | २०,००,०००.०० | |
| ४५ | सुत्केरी महिला सामान | ५,०००.०० | |
| ४६ | विविध भुक्तानी बाकी | ५,००,०००.०० | |
| ४७ | चालु खर्च विविध वडा नम्बर ३ | ८५,५३०.०० | |
| | **चालु खर्च कार्यक्रमको जम्मा** | **६०,५४,९३१.००** | |
| | **कुल खर्च जम्मा** | **१,५२,७८,३८७.००** | |